रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

## रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : ४ मिति : २०८१/०३/२५

## भाग २

## रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# रंगेली नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८१/०३/०७

## रंगेली नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१

**स्वीकृत मितिः २०८१/०३/०७**

**राजपत्रमा प्रकाशित मितिः २०८१/०३/२५**

१. **प्रस्तावना :-** कोशी प्रदेश सरकारद्वारा जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा भएको कानुनी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गरी रंगेली नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई तह वृद्धि गर्न आवश्यक भएकाले सो अध्यादेशको दफा १०३ को उपदफा ३ को व्यवस्था अनुसार प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशबाट ऐनको दफा १५१ ले दिएको अधिकार प्रयोग गरी कार्यविधी जारी गर्न सक्ने भनी मिति २०८१/०१/१३ मा परामर्श सहित पत्र प्राप्त भएकोले रंगेली नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

२. **सक्षिप्त नाम र प्रारम्भः**

(१) **नामः**"रंगेली नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) **प्रारम्भः** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) **क्षेत्रः** यो कार्यविधी रंगेली नगरपालिकाको हकमा लागु हुनेछ ।

३. **परिभाषा**:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)**"ऐन"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ ।

(ख)**"कार्यविधि"** भन्नाले रंगेली नगरपालिका कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले रंगेली नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) **"कार्यपालिका"** भन्नाले रंगेली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) **"कर्मचारी"** भन्नाले रंगेली नगरपालिकाको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनुपर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका कर्मचारी तथा संघीय लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भइ रंगेली नगरपालिकामा कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउदछ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रंगेली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) **"तह वृद्धि"** भन्नाले ऐनको दफा २७ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(झ) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(ञ) **"सिफारिस समिति"** भन्नाले ऐनको दफा २७ को उपदफा ४ बमोजिम गठन हुने यो कार्यविधिको दफा ६ बमोजिम गठित सिफारिस समितिलाई सम्झनुपर्दछ।

(ट) **" प्रदेश किताबखाना "** भन्नाले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका कर्मचारीहरुको अभिलेख राख्ने प्रयोजनका लागि ऐन बमोजिम गठन भएको कार्यालय सम्झनुपर्दछ।

४. **सूचना प्रकाशित गर्ने :**(१) कार्यालयले दफा २७ बमोजिम तह बृद्धिको लागि आवेदन पेश गर्न कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रत्येक बर्षको जेठ १५ र मंसिर १५ भित्रमा सूचना प्रकाशित गर्नुपर्नेछ ।

५. **निवेदन दिनुपर्ने:** तह बृद्धि हुने सम्भावित उम्मेदवारले देहायका कागजातहरु संलग्न गरी अनुसूची-१ को ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

क. पछिल्लो तीन बर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई सक्कल निवेदन,

ख. सेवा अवधी पुष्टी गर्ने नियुक्ति/ स्तर बृद्धि/तह बृद्धि बढुवा नियुक्तिको पत्र,

ग. स्थानीय तहमा समायोजन भएको भए सो पत्रको प्रतिलिपी,

घ. विभागीय सजाय नपाएको, निलम्बनमा नपरेको र सेवा अवधी पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

ङ. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपी,

च. ऐनको दफा २७ को उपदफा ४ बमोजिमको तह बृद्धि सिफारिस समितिले माग गरेका अन्य आवश्यक कागजातहरु।

६. **सिफारिस समिति:**

(१) ऐनको दफा ४, दफा ८ र दफा २७ बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न ऐनको दफा २७ को उपदफा ४ अनुसार तपसिल बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. कार्यपालिकाले तोकेको १ महिला सहित २ जना बरिष्ठ कर्मचारी - सदस्य

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्य समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :-** (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको ऐनको २७ बमोजिम तह वृद्धि गर्दा २७(१) अनुसार तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नब्बे अङ्क प्राप्त गरेका र ऐनको दफा२७ (२) बमोजिमको शैक्षिक योग्यता हुनुपर्नेछ।

(२) ऐन तथा कार्यविधी बमोजिम तह बृद्धि भएका कर्मचारीहरुलाई अनुसूची-२ को ढाँचामा तह बृद्धिको पत्र दिइनेछ

८. **तह वृद्धि सम्बन्धी बिशेष व्यवस्था :** कोशी प्रदेश भित्र वा कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर यस नगरपालिकामा दरबन्दी रहेका कर्मचारीको यसै नगरपालिकाबाट तह बृद्धि गरिनेछ। कोशी प्रदेशको अर्को स्थानीय तहबाट यस नगरपालिकामा कामकाजमा खटाइएका कर्मचारीको तह बृद्धि दरबन्दी/पदाधिकार रहेको कार्यालयबाट गरिनेछ। अन्य स्थानीय तहबाट यस पालिकामा सरुवा भई आएका कर्मचारीहरुको तह बृद्धि यसै पालिकाबाट हुनेछ।

९. **जेष्ठता कायम :-** ऐनको दफा २७ (१) बमोजिमको तह बृद्धिमा माघ र श्रावण महिनामा तह वृद्धि भएको निर्णय मिति नै कर्मचारीको जेष्ठता कायम हुने मिति हुनेछ।

१०. **बाधा अड्काउ फुकाउने :-** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा ४ बमोजिम हुनेछ।

११. **तह वृद्धि गर्न नहुने :-** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ३० बमोजिम अयोग्य कर्मचारीहरुलाई यस कार्यविधीको दफा ६ को उपदफा (१) बमोजिमको सिफारिस समितिले तह बृद्धिको लागि सिफारिस गर्ने छैन।

१२. **तह बृद्धि गर्नुपर्ने:** ऐनको दफा २७ (३) बमोजिम कार्यालयबाट सूचना प्रकाशन भए पश्चात निवेदन दिएका कर्मचारीहरुको तह बृद्धिको लागि ऐनको २७ (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र

तह बृद्धिका लागि सिफारिस गर्नुपर्नेछ र सो सिफारिस प्राप्त भएपछि ऐनको दफा २७ (३) बमोजिम कार्यपालिकाले निर्णय गरी तहबृद्धिको पत्र दिनुपर्नेछ ।

१३. **सार्वजनिक गर्ने:** तह बृद्धि भएका कर्मचारीको विवरण निर्णय भएको मितिले ७ दिन भित्र कार्यालयको सूचना पाटी र वेवसाईटमा राखी सार्वजनिक गर्नुपर्नेछ ।

१४. **सचिवालय:** ऐनको दफा २७ बमोजिम हुने तहबृद्धि सम्बन्धी कार्य गर्न यस नगरपालिकामा रहेको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ ।

१५. **जानकारी दिनु पर्ने:**

(१) यस कार्यविधि बमोजिम नगरपालिकाले गरेको तह वृद्धिको जानकारी ऐनको दफा २७ (७) बमोजिम तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ ।

(२) तह वृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्रमा समेत प्रकाशन गरिनेछ।

१६. **उजुरी/गुनासो :-** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१७. **प्रचलित कानुन बमोजिम हुने :-** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **खारेजी र बचाउ:** यो कार्यविधी प्रारम्भ हुनुभन्दा पहिले रंगेली नगरपालिकाबाट जारी गरेको रंगेली नगरपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधी, २०८० खारेज गरिएको छ साथै उक्त कार्यविधी बमोजिम भए गरेका कामकारबाही यसै कार्यविधी बमोजिम भए गरिएको मानिनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ५ सँग सम्बन्धित)

## तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति : २०../.. /..

श्री अध्यक्ष ज्यू

(तह वृद्धि सिफारिस समिति)

रंगेली नगरपालिका।

विषय : तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति २०../.. /.. गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपिसल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

१. स्थायी नियुक्तिको पत्र ।
२. बढुवा/तह वृद्धि भएको पत्र।
३. समायोजन पत्र । (समायोजन भएका कर्मचारीको हकमा मात्र)
४. नेपाली नागरिकताको प्रमाण पत्र।
५. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मितिः |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मितिः |
| तह: | समायोजन मितिः |
| सेवा: | कर्मचारी संकेत न. |
| समुह: | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ७ (२) सँग सम्बन्धित)

**तह बृद्धि पत्रको ढाँचा**

पत्र संख्या :

चलानी नं. :

मितिः२०..।..।..

**विषय: तह बृद्धि गरिएको ।**

तपाईँलाई नगर कार्यपालिकाको कार्यालयको मिति २०..|..|.. गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० वमोजिम मिति २०../../.. बाट ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तहबृद्धि गरिएको छ। तह बृद्धि हुनु भएकोमा हार्द्धिक बधाई तथा कार्य सफलताको शुभकामना।

तपसिल :

| **हाल कार्यरत पद** | **तह बृद्धि गरेको पद** |
|---|---|
| पद: | पद: |
| तहः | तहः |
| सेवा: | सेवा:: |
| समुह: | समुह |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

**श्री ................**

कर्मचारी सकेत नम्बर

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग।

श्री राष्ट्रिय किताबखाना(निजामती) पुल्चोक ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग।

श्री प्रदेश किताबखाना, विराटनगर मोरङ्ग।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङ्ग

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।

श्री आर्थिक प्रशासन महाशाखा, रंगेली नगरपालिका,नगर कार्यपालिको कार्यालय।

आज्ञाले

ओमकार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत